# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No. २०७८/०७९

मिति :-२०७८।११।२८

## पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनोट समितिको Scholarship Awarded List प्रकाशित सम्बन्धि सूचना !

क) पोखरा विश्वविद्यालय स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८ बाट मिति २०७८।०९।२१ र २२ गते लिएको विज्ञान तथा प्रविधि संकाय समूह (**क**), विज्ञान तथा प्रविधि संकाय समूह (**ख**), व्यवस्थापन संकाय र मानविकी तथा सामाजिक शास्त्र संकायको छात्रवृत्ति छनौट प्रवेश परीक्षाको अन्तिम योग्यताक्रम सूची (Final Merit List) मा समावेश भएका **र मिति २०७८।११।०२ गतेदेखि मिति २०७८।११।०८ गतेसम्म अनुसुची-४ को अनलाइन फारामबाट आफुले अध्ययन गर्न चाहेको एउटा संकायबाट बढीमा ३ वटासम्म शैक्षिक कार्यक्रम र एउटा अध्ययन गर्ने शैक्षिक कार्यक्रमको लागी बढीमा ३ वटासम्म शैक्षिक संस्थाको नाम अनलाइन फाराम मार्फतभरि बुझाएको अनलाइन फाराम विवरणका आधारमा पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धि नियमावली, २०६५ को नियम १४(३) अनुसार** संलग्न बमोजिमको **Scholarship Awarded List** प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैकोलागि जानकारी गराइन्छ ।

ख) यदी कुनैपनि उम्मेदवारहरुलाई आज प्रकाशित नतिजामा त्रुटि रहेको छ भन्ने एकिन भएमा सो सम्बन्धमा मिति २०७८।११।२८ गतेबाट मिति २०७८।१२।०१ गते कार्यालय समयभित्र **puscholarship@pu.edu.np** मा अनलाइन निवेदन दिइ दावि विरोध गर्न सकिने छ । छनौंट समितिले दिएको इमेल आइडी भन्दा अन्य इमेल आइडी मार्फत निवेदन दिइएमा त्यस्तो निवेदन उपर कुनै कारवाही नहुने र समिति जवाफदेही पनि नहुने कुरा सम्बन्धित सबैकोलागि जानकारी गराइन्छ । उम्मेदवारहरुले दावि विरोधको निवेदन दिदा **नाम, युजर आइडी, रोल नं., प्राप्तांक र मोवाइल नं.** अनिवार्य उल्लेख गर्नुपर्ने छ ।

ग) उम्मेदवारहरुले पेश गरेको कागजातहरु छानविनको क्रममा झुट्टा सावित भएमा त्यस्ता उम्मेदवारहरुलाई जुनसुकैबेला पनि छात्रवृत्ति प्रक्रियाबाट हटाइनेछ ।

घ) **Scholarship Awarded List** मा समावेश भएका उम्मेदवारहरुलाई सम्बन्धित शैक्षिक संस्थाहरुमा अध्ययनकालागि पत्र दिइ भर्ना हुन पठाइने समयका सम्बन्धमा दावीविरोधकालागि प्राप्त हुनजाने निवेदनहरुको छानविन पश्चात मात्र छिट्टै अर्को सूचना मार्फत जानकारी गराइनेछ ।

प्रकाशित गरिएको सूचना र **Scholarship Awarded List** सम्बन्धि सम्पूर्ण विवरण विश्वविद्यालयको वेबसाइट www.pu.edu.np र छात्रवृत्ति शाखाको https://scholarship.pu.edu.np मा समावेश भएको हुदा सम्बन्धित उम्मेदवारहरुलाई दिएको Link मा गइ विवरण हेर्न जानकारी गराइन्छ ।

रोशन पाण्डे
सदस्य-सचिव
स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७८